# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

**खण्डः ७**    **संख्याः ८**    **मितिः २०८०/१०/ २६**

### भाग—२

## विस्तारित स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः-**

स्वास्थ्य सेवा जनसाधारणको लागि अत्यावश्यक सेवा भएकोले यस सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र जनउत्तरदायी बनाउन निजगढ नगरपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थामा थप समय सेवा प्रवाह गर्न बान्छनीय देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ तथा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी निजगढ नगरकार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "विस्तारित स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि निजगढ नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई निजगढ नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "समिति" भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले दफा ८ बमोजिम संकलित रकम सम्झनु पर्दछ ।

(ग) "विस्तारित स्वास्थ्य सेवा" भन्नाले अस्पतालको नियमित समय बाहेकको समयमा प्रदान गरिने सेवा लाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## विस्तारित स्वास्थ्य सेवा कार्यक्रम

३. **विस्तारित स्वास्थ्य सेवा कार्यक्रम :** (१) यो कार्यक्रम हाललाई निजगढ प्राथमिक स्वास्थ्य केन्द्रमा लागू गरिने छ र आवश्यकता अनुसार नगरपालिका अन्तर्गतका अन्य स्वास्थ्य संस्थाहरुमा पनि लागू गर्न सकिने छ ।

(२) यस कार्यक्रम संचालन गरिने स्वास्थ्य संस्थामा साविकमा चलिरहेको वहिरङ्ग सेवा तथा सबै सेवाहरू आवश्यकताको आधारमा थप समय सञ्चालन सञ्चालन गरिनेछ ।

(३) विस्तारित स्वास्थ्य सेवा कार्यक्रम नियमित समय भन्दा थप पाँच घण्टा प्रतिदिन हुनेछ । यसमा समय थप गर्नु परेमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(४) विस्तारित स्वास्थ्य सेवा कार्यक्रमको समय तालिका समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) विस्तारित स्वास्थ्य सेवा कार्यक्रको सञ्चालन उपलब्ध भएसम्म सोही संस्थाका कर्मचारीलाई नै परिचालन गरिनेछ ।

(६) सेवा शुल्क विस्तारित स्वास्थ्य सेवा संचालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) विस्तारित स्वास्थ्य सेवा कार्यक्रममा थप समय काम गर्ने स्वास्थ्य कर्मी र कर्मचारीहरूको सेवा सुबिधा यही कार्यविधि को दफा ८ मा तोकिएको बमोजिम हुने छ |

(८) स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको लिष्ट तथा लिने सेवा शुल्क लिष्ट सेवाग्राहीले वुझ्नेगरी देखिने स्थानमा सम्बन्धित स्वास्थ्य संस्थाले राख्नु पर्ने छ |

(९) यो कार्यक्रमलाई अर्को ब्यवस्था नभए सम्मको लागि हरेक बर्ष निरन्तरता दिईने छ |

## परिच्छेद ३

## समितिको गठन तथा काम कर्तव्य र अधिकार

४. **कार्यक्रम संचालन समितिको गठन :** (१) कार्यक्रमको काम कारबाहीलाई नियमित र व्यवस्थित गर्न का लागि देहाय बमोजिम को एक संचालन समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संरक्षक |
| (ख) समबन्धित संस्था व्यवस्थापन समिति अध्यक्ष | अध्यक्ष |
| (ग) संस्था संचालक मध्ये १ जना सदस्य | सदस्य |
| (घ) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ङ) संस्था स्वास्थकर्मी मध्ये १ जना | सदस्य |
| (च) संस्था प्रमुख | सदस्य/ सचिब |

२) समितिको बैठकमा समितिले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विशेषज्ञ व्यक्तिलाई आमन्त्रित गर्न सक्नेछ ।

**५. समितिको काम कर्तब्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार कार्ययोजना, निर्देशिका, कार्यविधि तयार गर्ने,

(ख) कोषको व्यवस्थापन गर्ने,

(ग) संस्थाको भौतिक पूर्वाधार, औजार, उपकरण व्यवस्थापन गर्ने,

(घ) सेवा प्रदायक जनशक्तिको व्यवस्था गरी काम कारबाहीको अनुगमन नियमन र मूल्याङ्कन गर्ने,

(ङ) सेवाग्राहीको सुझाब उजुरी गुनासो सुनवाई तथा सुरक्षा र समस्या समाधानको आवश्यक कार्य गर्ने,

(च) सेवा शुल्क को निर्धारण एवं परिमार्जन गर्ने

(२) समितिको बैठक महिनामा एक पटक बस्ने छ । आवश्यक परेमा अन्य समयमा पनि बैठक बस्न सक्नेछ ।

## परिच्छेद ४

## कोष सम्बन्धी व्यवस्था

**६. कोषः-** (१) विस्तारित स्वास्थ्य सेवा संचालन गर्न सम्बन्धित स्वास्थ्य संस्थाको कोष नै यो कार्यक्रमको कोष रहनेछ ।

(२) समितिले निर्धारण गरेको सेवा शुल्क तथा कार्यक्रमको लागि प्राप्त अनुदान वा सहयोग नै यो कोषको मूल श्रोत हुनेछ ।

(३) सेवा संचालन बापत संकलित रकमलाई संस्थाको कोषमा राखिने छ ।

# परिच्छेद ५

## सेवा सुविधा सम्बन्धी व्यवस्था

७. **विस्तारित स्वास्थ्य सेवा :** (१) विस्तारित स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत हाललाई निम्न सेवाहरु प्रदान गरिने छ :

१. नियमित बहिरंग सेवा
२. प्रयोगशाला सेवा
३. औषधि बितरण सेवा
४. x ray सेवा
५. सर्पदंश सेवा
६. खोप सेवा (ARV)
७. आकष्मिक सेवा
८. ड्रेसिंग सेवा
९. विशेषज्ञ सेवा
१०. प्रसूति सेवा

**स्पष्टिकरणः** प्रसूति सेवाको हकमा संघीय सरकारबाट प्रदान गरिने सुविधामा दोहोरोपन पर्ने गरी सुविधा प्रदान गरिने छैन ।

८. **सुविधा :** (१) विस्तारित स्वास्थ्य सेवा अन्तर्गत काम गर्ने प्रत्येक कर्मचारीहरुले प्रत्येक दिन ७ घण्टा अनिवार्य सेवा गर्नु पर्नेछ । साप्ताहिक रूपमा ४० घण्टा सेवा गरे वापत कुनै थप सुविधा दिइने छैन । साप्ताहिक ४० घण्टा भन्दा बढी सेवा गरेमा आधारभूत तलबमानको आधारमा अतिरिक्त सेवा बापतको सुविधा प्रदान गरिने छ | चाड पर्वको अबधिको भने विस्तारित स्वास्थ्य सेवा संचालन समितिको निर्णय वमोजिम हुनेछ।

१०. **जनशक्ति : (१)** विस्तारित स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा देहाय बमोजिमका स्वास्थ्यकर्मी तथा कर्मचारी रहनेछन् ।

| | | |
|---|---|---|
| १. | मेडिकल अफिसर | १ जना |
| २. | पारा मेडिक्स, | २ जना |
| ३. | नर्सिङ | १ जना |
| ४. | प्रयोगशाला प्राविधिक, | १ जना |
| ५. | x-ray प्राविधिक, | १ जना |
| ६. | का.स. | १ जना |

(२) माथि उपदफा(१) बमोजिमको जनशक्ति परिचालन तथा अन्य जनशक्ति थप घट गर्नु पर्ने भएमा समितिको निर्णय अनुसार गर्न सकिने छ ।

## परिच्छेद ६

## विविध

११. **संशोधन तथा खारेजी** : यस कार्यविधिलाई व्यवस्थित बनाउन कार्यपालिकाबाट आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा खारेज गर्न सकिनेछ ।

**१२. व्याख्या** : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

आज्ञाले

अजय बतौंला

प्रमुख प्रशासकीय अधिकृत